**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 06.06.2024**

## एनडिए

राष्ट्रिय जनतान्त्रिक गठबन्धन- एनडीएले प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई सर्वसम्मतिद्वारा आफ्नो नेता चयन गर्नका साथै केन्द्रमा नयाँ सरकार बनाउने प्रक्रिया तीव्र भएको छ।

एनडीए नेताहरूको हिजो नयाँ दिल्लीमा बसेको बैठकमा पारित एउटा प्रस्तावमा भनिएको छ- प्रधानमन्त्री नरेनद्र मोदीको नेतृत्वमा एनडीए सरकारको कार्यकालमा पछिल्ला दस वर्षमा भारतले प्रत्येक क्षेत्रमा सर्वाङ्गीन विकास गरेको छ।

प्रस्तावम अझै के भनिएको छ भने देशका जनताले छ दशकपछि लगातार तेस्रो पल्ट पूर्ण बहुमतसित एउटा सबल नेतृत्व चयन गरेको छ।

यस अवसरमा श्री मोदीले भन्नुभएको छ- तेस्रोपल्ट सरकार बनाउनका लागि एउटा यो ऐतिहासिक जनादेश हो।

यसैविच भारतीय जनता पार्टीका अध्यक्ष श्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा केन्द्रीय मन्त्रीहरू र पार्टीका वरिष्ट नेताहरूसित बैठक गर्नुभयो।

श्री नड्डाको आवासमा बसेको बैठकमा केन्द्रीय गृह मन्त्री श्री अमित शाह, रक्षा मन्त्री श्री राजनाथ सिंह, श्री पीयूष गोयल, श्री मनसुख मांडविया, प्रह्लाद जोशी, अश्वनी वैष्णव, भारतीय जनता पार्टीका राष्ट्रिय सहासचिव श्री तरूण चुग, पार्टी नेता विनोद तावड़े र अन्य वरिष्ट नेताहरू उपस्थित थिए।

जनता दल युनाइटेडका केही नेताहरू पनि दिल्लीमा पार्टी अध्यक्ष तथा विहारका मुख्यमन्त्री श्री नितिश कुमारको आवासमा पुगे।

भोलि नयां दिल्लीमा एनडीए गठबन्धनमा सामेल दलहरूका संसदीय दलको बैठक बस्ने भएको छ।

यस बैठकमा भारतीय जनता पार्टी, तेलेगु देशम पार्टी, जनता दल युनाइटेड, लोकजनशक्ति पार्टी(रामविलास), शिव सेना शिंदे गुट , जनता दल (एस ) र अन्य सहयोगी दलहरूका नवनिर्वाचित सांसदहरू उपस्थित हुने आशा छ।

**अपोजिसन लिडर्स मिटिङ**

अर्कोतिर आई एन डी आई ए गठबन्धनका नेताहरूबीच पनि आज नयां दिल्ली बैठक बस्यो।

तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव तथा सांसद अभिषेक ब्यानर्जी र पार्ट नेता डेरेक ओ ब्रायनले समाजवादी पार्टी प्रमुख अखिलेश यादवसित भेट गर्नुभयो।

आम आदमी पार्टीका नेता तथा राज्यसभा सदस्य राघव चड्ढाले शिव सेना (उद्धम ठाकरे) नेता संजय राउतसित बैठक गर्नुभयो।

हिजो नयाँ दिल्लीमा आई एन डी आई ए नेताहरूका कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड़गेको आवासमा पहिलो बैठक आयोजित भएको थियो।

**सिएम स्वेरिङ ईन**

राज्यमा निर्वाचित नयाँ सरकारको शपथ ग्रहण समारोह आँउदो आइतवार नौ जूनका दिन गान्तोकको पाल्जोर स्टेडियममा हुने कार्यक्रम छ।

सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीका अध्यक्ष तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामङले यस्तो आशयको जनाकारी दिनुभएको हो।

समारोहमा श्री तामङले दोस्रोपटक राज्यका मुख्यमन्त्री पदका लागि शपथग्रहण गर्नुहुनेछ।

पत्रकारहरूसित कुराकानी गर्दै मुख्यमन्त्रीले बताउनु भए अनुसार एसकेएम पार्टीले केन्द्रमा राष्ट्रिय जनतान्त्रिक गठबन्धन  एनडिए लाई समर्थन जनाएको छ।

स्मरण रहोस् हालै सम्पन्न भएको एघारौं विधानसभाको चुनाउमा श्री तामङ नेतृत्ववादी सिक्किम क्रान्तिकारी मोर्चा पार्टीले बत्तीस सीटहरूमध्ये एकतीस वटामा जीत हासिल गरेर दोस्रोपल्ट सत्ताको बागडोर सम्हाल्न गइरहेछ।

सिक्किमको एक मात्र लोकसभा सीट पनि एसकेएम पार्टीकै पक्षमा गयो।

यसमा पार्टी प्रत्याशी श्री इन्द्रहाङ सुब्बा दोस्रोचाटि बिजयी हुनुभयो।

यसैबीच एघारौं विधानसभा र अठारौं लोकसभा चुनाउमा सिक्किम क्रान्तिकारी मोर्चालाई बिपुल मत दिएर विजयी बनाएकोमा एसकेएम का अध्यक्षले राज्यका जनताप्रति आभार व्यक्त गर्नु भएको छ।

उहाँले यसलाई सिक्किमे जनताको अपार मायाको जीत भनि आमा र चेलीहरूको जीत बताउनु भएको छ।

विगत पाँच वर्षमा एसकेएम पार्टीको सरकारले गरेका कार्यहरूको मूल्याङ्कनले थप ऊर्जा पाएको कुरा बताँउदै मुख्यमन्त्रीले भन्नुभयो यसबाट सुनौलो र समृद्ध सिक्किम निर्माण गर्ने परिकल्पनालाई साकार हुनेछ।

एसकेएम पार्टी अध्यक्षले 2009 सालदेखि सत्ता र व्यवस्था परिवर्तनको नारा लिएर अघि बढ्ने पार्टीका कर्मठ सदस्यहरूप्रति पनि आभार व्यक्त गर्दै शपथ ग्रहण समारोहपछि व्यवस्थित ढंगले सबै जनतासित भेट गर्ने बचन दिनुभएको छ।

## एसएसडिएमए इन्सपेक्सन

सिक्किम राज्य आपदा प्रबन्धन प्राधिकरण टोलीले आऱज आईबिएम रम्फुको व्यापक निरीक्षण गर्यो।

मुख्य सचिव श्री विजय भूषण पाठकको निर्देश अनुरूप मनसून पूर्वका आवश्यकताहरूको पत्तो लगाउन अनि जमीनी वास्तविकताको जाँच गरेर भावी कार्यनीति तयार पार्नु निरीक्षणको उद्देश्य थियो।

यसमा पाकिमका जिल्लाधीश श्री टाशई छोपेलले विभिन्न सम्बन्धित विभागका प्रतिनिधिहरूबाट क्षेत्रको स्थितिबारे जानकारी लिँदै नाली सम्वन्धि मामिलाको समाधान गर्न आवश्यक पाइला चाल्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

सिक्किम राज्य आपदा प्रवन्धन प्राधितरणका विशेष सचिव तथा निदेशक श्री प्रभाकर राईले भन्नुभयो बर्खाको समयमा टिस्टा नदी बढ्ने कुरोलाई ध्यानमा राखेर मरम्मति कार्य चाँड़ै पूरा गरिनुपर्छ।

प्राधिकरण टोलीले भ्रमणावधिमा आईबिएम क्षेत्र, रम्फु गोली ग्राउन्ड र माछापालन कार्यालयको निरीक्षण गर्यो।

## ब्रिज टिस्ट रिभर

मंगन जिल्ला अन्तर्गत लोवर जंगु स्थित फिदाङमा जंगुलाई जोड़ने टिस्टा नदीको पूल निर्माणकार्य एक सप्ताह भित्रमा पूरा हुने आशा छ।

सीमा सड़क संगठन बिआरओ सूत्रले यस्तो जानकारी दिएको हो।

भलपैह्रोले यो पुल बगाएको हुँदा लोवर जंगुका मानिसहरूले बाँसको पुल तरेर यात्रा गरिरहेका छन्।

अर्कातिर मंगन चुङथाङ मार्हमा पर्ने टुङमा पनि पूल निर्माण केही दिनभित्रमा पूरा भएर यातायातका लागि तयार हुने आशा गरिएको छ।